आकाशवाणी

11.01.2026

सर्वप्रथम मुख्य समाचार

1.उपराष्ट्रपति सी.पी. राधाकृष्णनले पूर्व प्रधानमन्त्री लालबहादुर शास्त्रीको पुण्य तिथिको अवसरमा एन्क्लिभमा गर्नुभयो पुष्पगुच्छा अर्पण..

2.प्रधानमन्त्री नरेन्द्र मोदीले आज राजकोटमा कच्छ र सौराष्ट्र क्षेत्रका लागि दुई दिने 'भाइब्रेन्ट गुजरात क्षेत्रीय सम्मेलन' को गर्नुभयो उद्घाटन....

3.मोदी सरकारले भारतलाई एक आत्मविश्वासपूर्ण, महत्वाकांक्षी र आत्मनिर्भर राष्ट्रको रूपमा हेर्न चाहेको केन्द्रीय गृह मन्त्री अमित शाहको भनाई.. ani....

4. गुजरातको वडोदरामा जारी तीनदिवसीय खेलको श्रृंखलाको पहिलो खेलमा न्युजिल्याण्डले भारतलाई दियो ३०१ रनको लक्ष्य

--------------

1.उपराष्ट्रपति लालबहादुर शास्त्रीप्रति श्रद्धाञ्जली अर्पण

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले पूर्व प्रधानमन्त्री लालबहादुर शास्त्रीको पुण्य तिथिको अवसरमा उपराष्ट्रपति एन्क्लिभमा पुष्पगुच्छा अर्पण गरी श्रद्धाञ्जली व्यक्त गर्नुभएको छ।

सोसल मिडियामा एक सन्देश जारी गर्दै उपराष्ट्रपतिले शास्त्रीजीलाई एक दूरदर्शी नेताको रूपमा स्मरण गर्नुभयो । उहाँले श्री शास्त्रीले आफ्नो सरलता, निष्ठा र राष्ट्रप्रतिको अटूट समर्पणको अनुपम उदाहरण प्रस्तुत गर्नुभएको बताउनुभयो।

श्री राधाकृष्णनले शास्त्रीजीद्वारा दिइएको प्रसिद्ध नारा 'जय जवान, जय किसान' को चर्चा गर्दै यो नारा विगत धेरै पुस्तादेखि देशका सैनिक र किसानहरूप्रति गहिरो सम्मानको प्रतीक बनेको उल्लेख गर्नुभयो उहाँले भन्नुभयो निस्वार्थ सेवा, मानवता र राष्ट्रिय एकताका लागि शास्त्रीजीले अघि सारेका आदर्शहरू आज पनि देशका लागि प्रेरणाको स्रोत हुन्।

2.प्रधानमन्त्री मोदीद्वारा राजकोटमा 'भाइब्रेन्ट गुजरात क्षेत्रीय सम्मेलन' को उद्घाटन

प्रधानमन्त्री नरेन्द्र मोदीले आज राजकोटमा कच्छ र सौराष्ट्र क्षेत्रका लागि दुई दिने 'भाइब्रेन्ट गुजरात क्षेत्रीय सम्मेलन' को उद्घाटन गर्नुभएको छ । उद्घाटनका क्रममा प्रधानमन्त्रीले विश्वव्यापी अनिश्चितताका बीच भारतमा अभूतपूर्व स्थिरता र निश्चितताको वातावरण रहेको बताउनुभएको छ । सौराष्ट्र र कच्छ क्षेत्रका लागि आयोजित यस सम्मेलनलाई सम्बोधन गर्दै उहाँले भारत 'विकसित राष्ट्र' बन्ने दिशामा द्रुत गतिमा अघि बढिरहेको र यसमा विभिन्न सुधारहरूले महत्त्वपूर्ण भूमिका खेलिरहेको उल्लेख गर्नुभयो ।

प्रधानमन्त्रीले उद्योगपतिहरूलाई भारत र विशेषगरी सौराष्ट्र-कच्छ क्षेत्रमा लगानी गर्न आग्रह गर्दै लगानीका लागि यो उपयुक्त समय भएको बताउनुभयो । उहाँले भन्नुभयो:

"पूर्वाधारका साथै उद्योग-अनुकूल जनशक्ति आजको सबैभन्दा ठूलो आवश्यकता हो । गुजरातको सौराष्ट्र-कच्छ क्षेत्र उत्पादन, हरित विकास र हरित गतिशीलताका लागि प्रमुख हबको रूपमा उभिएको छ ।"

उहाँले कच्छमा विश्वकै ठूलो ३० गिगावाटको स्वच्छ ऊर्जा पार्क निर्माण भइरहेको र मोरबी-जामनगर-राजकोट औद्योगिक क्षेत्रलाई यसको कौशल र विश्वव्यापी सम्बन्धका कारण "मिनी जापान" भन्न थालिएको जानकारी दिनुभयो । भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने मार्गमा रहेको उल्लेख गर्दै उहाँले जीएसटी, सूचना प्रविधि र श्रम जस्ता क्षेत्रमा गरिएका सुधारहरूको चर्चा गर्नुभयो ।

यस अवसरमा प्रधानमन्त्रीले सात जिल्लाहरूमा १३ वटा नयाँ 'ग्रिनफिल्ड स्मार्ट औद्योगिक क्षेत्र' को भर्चुअल उद्घाटन र राजकोटमा विशेष मेडिकल डिभाइस पार्कको शुभारम्भ गर्नुभयो । कार्यक्रममा मुकेश अम्बानी, करण अडानी र बी.के. गोयन्का जस्ता प्रख्यात उद्योगपतिहरूको उपस्थिति थियो । रिलायन्सका अध्यक्ष मुकेश अम्बानीले प्रधानमन्त्रीको नेतृत्वमा भारतले इतिहास मै नदेखेको आशा र जीवन्तता प्राप्त गरेको बताउनुभयो ।

आजै बिहान प्रधानमन्त्रीले प्रभास पाटनमा ऐतिहासिक 'सोमनाथ स्वाभिमान पर्व' मा सहभागी भई भव्य 'शौर्य यात्रा' को नेतृत्व गर्नुभयो । सन् १०२६ मा महमुद गजनवीले सोमनाथ

मन्दिरमा गरेको पहिलो आक्रमणको एक हजार वर्ष पुगेको अवसरमा १०८ घोडाहरू सहितको यो विशेष पदयात्रा आयोजना गरिएको थियो।

विशाल जनसभालाई सम्बोधन गर्दै श्री मोदीले देशलाई विभाजन गर्न खोज्ने शक्तिहरू विरुद्ध एकजुट हुन आह्वान गर्नुभयो। उहाँले भन्नुभयो:

"हाम्रो सभ्यताले अरूलाई परास्त गर्न नभई सन्तुलित जीवन जिउन सिकाउँछ। गजनवीदेखि औरङ्गजेबसम्मका आक्रमणकारीहरूले मन्दिर विनाश गरे तापनि सोमनाथ पटक-पटक पुनर्निर्माण भई अडिग रह्यो।"

दिउँसो प्रधानमन्त्रीले १८,००० वर्ग मिटरमा फैलिएको 'भाइब्रेन्ट गुजरात ट्रेड एक्जिबिसन' को उद्घाटन गर्नुभयो। यस प्रदर्शनीमा कृषि, रक्षा, लजिस्टिक र ऊर्जा क्षेत्रका ४०० भन्दा बढी प्रदर्शकहरूले आफ्ना अत्याधुनिक क्षमताहरू प्रदर्शन गरिरहेका छन्

यसरी नै प्रधानमन्त्री नरेन्द्र मोदीले जैन सन्त श्रीमद् विजयरत्न सुन्दर सुरीश्वरजी महाराजको ५०० औं पुस्तकको भिडियो सन्देशमार्फत विमोचन गर्नुभएको छ।

सम्बोधनका क्रममा प्रधानमन्त्रीले सन्त सुरीश्वरजीको ज्ञान उहाँको जीवनको सादगी र संयममा झल्किने बताउनुभयो। वर्तमान विश्वको द्वन्द्व समाधानका लागि 'प्रेम नु विश्व, विश्व नु प्रेम' (प्रेमको विश्व, विश्वको प्रेम) मन्त्र आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो। साथै, प्रधानमन्त्रीले जल संरक्षण, स्वच्छता, र 'एक पेड माँ के नाम' सहितका नौ संकल्पहरू पालना गर्न सबैलाई आग्रह गर्नुभयो।

3.केन्द्रीय मन्त्री अमित शाहद्वारा केरलामा 'मिसन २०२६'

केन्द्रीय गृह मन्त्री अमित शाहले नरेन्द्र मोदी सरकारले भारतलाई एक आत्मविश्वासपूर्ण, महत्वाकांक्षी र आत्मनिर्भर राष्ट्रको रूपमा हेर्न चाहेको बताउनुभएको छ। थिरुवनन्तपुरममा आयोजित 'न्यू इण्डिया, न्यू केरला' सम्मेलनलाई सम्बोधन गर्दै उहाँले यो लक्ष्य प्राप्तिका लागि प्रत्येक राज्यले आफ्नो पूर्ण क्षमताको पहिचान र विकास गर्नुपर्नेमा जोड दिनुभयो।

। थिरुवनन्तपुरममा आयोजित 'न्यू इण्डिया, न्यू केरला' सम्मेलनलाई सम्बोधन गर्दै उहाँले यो लक्ष्य प्राप्तिका लागि प्रत्येक राज्यले आफ्नो पूर्ण क्षमताको पहिचान र विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

गृह मन्त्रीले आयुर्वेद, सूचना प्रविधि, पर्यटन र खेलकुद जस्ता क्षेत्रमा केरलाले गरेको प्रदर्शनको प्रशंसा गर्नुभयो । यद्यपि, उहाँले एलडीएफ (LDF) र यूडीएफ (UDF) सरकारहरूका कारण राज्यमा राजनीतिक गतिरोध उत्पन्न भएको टिप्पणी गर्दै यसलाई चिर्न भाजपा नेतृत्वको एनडीए (NDA) को नयाँ नेतृत्व आवश्यक रहेको बताउनुभयो ।

सम्बोधनका क्रममा श्री शाहले शबरीमाला स्वर्ण चोरी प्रकरणको प्रसङ्ग उठाउँदै यसको अनुसन्धान निष्पक्ष निकायलाई हस्तान्तरण गर्न माग गर्नुभयो । उहाँले दुवै राजनीतिक मोर्चा (LDF र UDF) ले भ्रष्टाचारका मुद्दाहरूमा एकअर्कालाई संरक्षण गरिरहेको आरोप समेत लगाउनुभयो ।

श्री शाहले भाजपा 'विकसित केरला' निर्माणका लागि क्रियाशील रहेको र सो लक्ष्य प्राप्तिका लागि राज्यमा भाजपा सरकार गठन गर्ने उद्देश्य राखेको बताउनुभयो । उहाँले भन्नुभयो ...

4.दार्जीलिङ:

दार्जीलिङका भाजपा सांसद राजु विष्टले निर्वाचन आयोगले पश्चिम बंगालमा जारी मतदाता नामावलीको 'विशेष सघन परिमार्जन' (SIR) प्रक्रियामा चिया कमान र सिन्कोना बगानको रोजगार रेकर्डलाई प्रमाणीकरणका लागि प्रयोग गर्ने अनुमति दिएको जानकारी दिनुभएको छ।

सामाजिक सञ्जालमा एक सन्देश जारी गर्दै श्री विष्टले भन्नुभयो कि चिया र सिन्कोना बगानमा रोजगारीको रेकर्ड अब भविष्यमा अन्य सरकारी कामकाजका लागि पनि एक महत्त्वपूर्ण आधिकारिक दस्तावेज बन्नेछ ।

5.जम्मू-काश्मीर: सात दिनपछि 'मुगल रोड' पुनः सञ्चालनमा

जम्मू-काश्मीरका राजौरी र पुन्च जिल्लालाई काश्मीर उपत्यकाको शोपियाँसँग जोड्ने ऐतिहासिक मुगल रोड आजदेखि पुनः सञ्चालनमा आएको छ। खराब मौसम र भारी हिमपातका कारण यो सडक विगत सात दिनदेखि अवरुद्ध थियो ।

6.इरानमा सरकार विरोधी प्रदर्शन चर्कियो; अमेरिका र इरानबीच तनाव बढ्दो

इरानमा जारी सरकार विरोधी प्रदर्शनको आज दुई हप्ता पुगेको छ । मानव अधिकारवादी संस्थाहरूका अनुसार हिंसात्मक प्रदर्शनमा मृत्यु हुनेको संख्या ११६ पुगेको छ भने २,६०० भन्दा बढी पक्राउ परेका छन् । इरान सरकारले इन्टरनेट र फोन सेवा अवरुद्ध गरेको छ

7.अष्ट्रेलियामा भीषण डढेलो: एकको मृत्यु, सयौँ घरहरू ध्वस्त

क्यान्बेरा: (additional)

दक्षिण-पूर्वी अष्ट्रेलियामा जारी भीषण डढेलोका कारण एक व्यक्तिको मृत्यु भएको छ भने करिब ३०० घर तथा भवनहरू पूर्ण रूपमा नष्ट भएका छन्। डढेलो नियन्त्रण बाहिर जाँदा जनजीवन निकै प्रभावित भएको छ।

अधिकारीहरूका अनुसार, विशेष गरी भिक्टोरिया राज्य र न्यू साउथ वेल्सका केही भागहरूमा फैलिएको यस डढेलोले हालसम्म करिब ३ लाख ५० हजार हेक्टर जमिन जलिसकेको छ। यो क्षेत्रफल ग्रेटर लण्डनको आकारभन्दा झन्डै दुई गुणा बढी हो।

भिक्टोरियामा संकटकाल घोषणा

डढेलोको गम्भीरतालाई ध्यानमा राख्दै भिक्टोरिया राज्यमा संकटकाल घोषणा गरिएको छ। त्यहाँ करिब ३० स्थानमा सक्रिय रहेका आगोका ज्वालाहरू निभाउन हजारौं अग्निनियन्त्रकहरू र ७० भन्दा बढी विमानहरू परिचालन गरिएको छ। मेलबर्नको उत्तरमा पर्ने गोबुर गाउँमा एक व्यक्तिको अवशेष फेला परेको छ, यद्यपि मृतकको पहिचान हुन बाँकी छ।

7.गुजरात

गुजरातको वडोदरामा जारी तीन एकदिवसीय खेलको श्रृंखलाको पहिलो खेलमा न्युजिल्याण्डले दिएको ३०१ रनको लक्ष्य पछ्याउने क्रममा आयोजक भारतले ताजा समाचार प्राप्त हुन्जेलसम्म ....18... ओभरमा .....1.. विकेटको क्षतिमा ...113.... रन बनाएको छ ।

यसअघि, टस हारेर पहिले ब्याटिङको निम्तो पाएको न्युजिल्याण्डले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर ३०० रनको चुनौतीपूर्ण योगफल तयार पारेको थियो । न्युजिल्याण्डका लागि डेरिल मिचेलले सर्वाधिक ८४ रन बनाए भने हेन्री निकोल्सले ६२ रनको योगदान दिए ।

श्रृंखलाको दोस्रो एकदिवसीय खेल जनवरी १४ मा र तेस्रो तथा अन्तिम खेल जनवरी १८ मा खेलिनेछ ।

8.मौसम नयाँ दिल्ली:

मौसम विज्ञान विभागले आगामी दुई दिनसम्म दिल्ली, हरियाणा, चण्डीगढ, पञ्जाब, बिहार, जम्मू-काश्मीर, लद्दाख, उत्तर प्रदेश र उत्तराखण्डका केही क्षेत्रहरूमा बाक्लो कुहिरो लाग्ने सम्भावना रहेको साथै, पश्चिम बंगालको हिमाली क्षेत्र र सिक्किममा पनि कुहिरोको प्रभाव रहने जनाएको छ ।

अर्कोतर्फ, दक्षिण भारतको तमिलनाडु, पुद्दुचेरी र कराइकलका केही भागहरूमा भोलिसम्म वर्षा र आँधीबेहरीको आशंका गरिएको छ ।